नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३६ अंक २२ २०८३ साल साउन २७ गते बुधबार (12 Aug 2026 Wednesday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

## बाढी/पहिरोबाट सतर्क रहौं ।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

*यस अंक भित्र :* २ पृष्ठमा : गड्यौला मल बेचेर लाखौँ... ३ पृष्ठमा : स्वदेशमा रोजगार अवसर ... ३ पृष्ठमा :इरानले गरेको क्षतिको ...

# अस्पतालको सेवा सुधारको माग गर्दै स्वास्थ्य मन्त्रीलाई ज्ञापन पत्र



**दैनिक समाचारदाता**
**राजविराज, २६ साउन ।**

सप्तरी सदरमुकाम राजविराजस्थित गजेन्द्र नारायण सिह अस्पतालको सेवा सुधारका विभिन्न माँग अघि सार्दै मंगलबार स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रीलाई ज्ञापन पत्र पठाइएको छ ।

राष्ट्रिय मुक्ती पार्टी नेपाल सप्तरीद्वारा उक्त अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. बिरेन्द्र मण्डल मार्फत स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्री निशा मेहतालाई ज्ञापन पत्र बुझाइएको हो ।

राष्ट्रिय मुक्ती पार्टी नेपाल सप्तरीका जिल्ला अध्यक्ष दिपेन्द्र कुमार चौधरी, केन्द्रिय नेता गजेन्द्र कुमार मण्डल, विकास तिवारी, संविधानसभा सदस्य महेश प्रसाद यादव लगायतको अगुवाईमा बुझाइएको १५ बुँदे ज्ञापन पत्रमा अस्पताललाई ३ सय शैयाको रुपमा विस्तार गरिनुपर्ने, आवश्यक पुर्वाधार, उपकरण र जनशक्तीको व्यवस्था, विमा औषधीको अभावको अन्त्य, मुटु रोगीका लागी छुट्टै हर्टसेन्टरको व्यवस्था, बन्द अवस्थामा रहेको आईसियु भेन्टिलेटर, इन्डोस्कोपी, ओपीजी एक्सरे सेवा पुनःसंचालन लगायतका माग प्रमुखताका साथ उठाइएको छ ।

यस्तै नर्सिङ कलेजको यथासिघ्र संचालन, युरोलोजिस्ट सहित आवश्यक विशेषज्ञको व्यवस्था, चिकित्सकहरुका लागी उचित आवासको व्यवस्था, मनपरी ढंगले गरिएको नियुक्ती खारेजी, शवगृहको व्यवस्था लगायतका १५ बुंदे माँग ज्ञापन पत्र मार्फत अघि सारिएको छ ।

ज्ञापनपत्र बुझ्दै मेसु मण्डलले उक्त ज्ञापनपत्र तत्कालै सम्बन्धित मन्त्रालय पठाई माग सम्बोधनका लागी आवश्यक पहल गर्ने प्रतिबद्धता जनाएको राष्ट्रिय मुक्ती पार्टी नेपाल सप्तरीले जनाएको छ ।

# प्रदर्शनका क्रममा मृत्यु भएका चार जनालाई सहिद घोषणा गर्ने निर्णय

**दैनिक समाचारदाता**
**काठमाडौं, २६ साउन ।**

सरकारले सुनसरी र सिरहा जिल्लामा भएको प्रदर्शनका क्रममा मृत्यु भएका चार जनालाई सहिद घोषणा गर्ने निर्णय गरेको छ ।

मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले सुनसरी जिल्लाका ओमप्रकाश मेहता, जयप्रकाश मेहता, रबिन्द्रकुमार मेहता र सिराहा जिल्लाका गणेशकुमार यादवलाई सहिद घोषणा गर्ने निर्णय गरेको शिक्षामन्त्री तथा सरकारका प्रवक्ता सस्मित पोखरेलले जानकारी दिए ।

गृह मन्त्रालयको प्रस्तावमा गरिएको यस निर्णयले पीडित परिवारलाई राहत र न्यायको अनुभूति गराउने सरकारको विश्वास छ ।

# श्रोत नखुलेको ५२ लाख भन्दा बढी रकमसहित चार पक्राउ



**दैनिक समाचारदाता**
**पर्सा, २६ साउन ।**

जिल्ला प्रहरी कार्यालय पर्साले स्रोत नखुलेको ५२ लाख ५० हजार रुपैयाँ र २ वटा मोटरसाइकल सहित चार जनालाई नियन्त्रणमा लिएको छ ।

पर्सा प्रहरीको टोलीले बिषेश सुचनाको आधारमा वीरगन्ज महानगरपालिका १० स्थित आदर्शनगरवाट सोमवार साँझ उक्त रकम सहित चारजनालाई नियन्त्रणमा लिएको थियो ।

स्रोत नखुलेको रकम सहित पक्राउ पर्नेमा भारत, बिहार, सीतामढी जिल्ला, डुमरा थाना-६ बस्ने २६ वर्षीय सुरज कर्ण, बारा जिल्लाको प्रसौनी गाउँपालिका-१ प्रसौनी बस्ने वर्ष ३२ का उपेन्द्र साह, वर्ष २६ का सागर कुमार सर्राफ र पर्सा जिल्लाका विन्दवासिनी गाउँपालिका-१ भौवागुठी बस्ने वर्ष २५ का राहुलकुमार गुप्ता रहेको जिल्ला प्रहरी कार्यालय पर्साका सुचना अधिकारी एवम प्रहरी नायब उपरीक्षक चक्र मल्लले जनाएका छन् ।

पर्सा प्रहरीका अनुसार प्रहरीको विशेष टोलीले

***बाँकी अन्तिम पृष्ठमा***

# आत्महत्या न्यूनीकरणका लागि सचेतना फैलाउँदै प्रहरी



**दैनिक समाचारदाता**
**राजविराज, २६ साउन ।**

सप्तरी प्रहरीले आत्महत्या घटनालाई न्यूनिकरण र निरुत्साहित गर्न विभिन्न स्थानमा सचेतना फैलाउने अभियान सम्पन्न गरेको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी उपरिक्षक रुपक खडकाले साउन महिनाको २६ दिनको अवधीमा जिल्लाको ११ स्थानमा समुदाय र विद्यालययमा पुगी सचेतना अभियान सम्पन्न गरेको जानकारी दिएका छन् ।

जिल्लामा आत्महत्याका घट्ना बढ्दै गएकोले यस्तो अभियान संचालन गरेको उनको भनाई छ । साउन १ देखि साउन २६ सम्म २६ दिनको अवधिमा ४ जना बालिकासहित ७ जनाले आत्महत्या गरेको तथा जिल्लामा यस्ता घटना बारे सचेतना फैलाउन प्रहरी सक्रिय भएको उनले बताए ।

प्रहरीको तथ्याङ्ग अनुसार आत्महत्या गर्नेमा ४ बालिका, २ पुरुष र १ महिला छन् । आत्महत्या गर्नेमा १६ देखि २५ बर्ष उमेर समुहकी ४ बालिका, ३६ देखि ४५ बर्ष उमेर समूहका २ पुरुष र २६ बर्ष देखि २८ बर्ष उमेर समूहका १ गरी ७ जना छन् । ती सबै जिल्लाको विभिन्न स्थानमा झुण्डिएर आत्महत्या गरेको प्रहरीको तथ्याङ्कले देखाएको छ ।

"यो तथ्याङ्कले जिल्लामा आत्महत्याका घट्ना बढी रहेको देखिएको हो । प्रेम प्रसंङ्ग, परिवारिक कलह, बेरोजगारी, आर्थिक अभाव, ऋण, परीक्षामा असफलता, बैदेशिक रोजगारी र मानसिक तनाव लगायतका कारणले आत्महत्या गर्नेको संख्या बर्षेनी बढ्दै गएको छ ।" प्रहरी उपरीक्षक खडका भने, "यसको नियन्त्रणका लागि प्रहरीले विभिन्न ढंगले प्रयास गरिरहेको छ ।"

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायव

***बाँकी अन्तिम पृष्ठमा***

## भू–संरक्षणमा ध्यान दिऔं

❖ भू–क्षय र पहिरो नियन्त्रणमा योगदान दिऔं,
❖ भिरालो जमिनमा खेती गर्दा गरा बनाई गरौं,
❖ भूक्षय रोक्ने रुख, घाँस (अम्रिसो, बाँस) जस्ता वोटविरुवा रोपौं,
❖ विना अनुमति गिट्टि, वालुवा, माटो, ढुङ्गा उत्खनन नगरौं,
❖ भू–बनोट र वातावरणीय अध्ययन गरेर मात्र सडक पूर्वाधार निर्माण गरौं,
❖ वन, जलस्रोत र प्राकृतिक सम्पदाको संरक्षण गरौं,
❖ भू–संरक्षणमा समुदायको सहभागिता वढाऔं ।

भू–रक्षाः जीवनको सुरक्षा

नेपाल सरकार
विज्ञापन वोर्ड

## सम्पादकीय ....

### स्वास्थ्यकर्मी गम्भिर बन्नुपर्छ

कोही व्यक्ति जानीजानी बिरामी हुँदैनन् । स्वास्थ्यमा हेलचक्राई वा आकस्मित बिरामी भएर मात्र उपचारका लागि अस्पताल वा स्वास्थ्य संस्थामा आउने गर्छन् । यस्तो अवस्थामा बिरामीले राम्रो स्वास्थ्य उपचार पाउन नसके उ झन झन बिरामी हुँदै जान्छ । यसका लागि उपचारका लागि स्वास्थ्य संस्थामा आउने जो सुकै बिरामीलाई राम्रो उपचार गर्नु चिकित्सक तथा स्वास्थ्यकर्मीहरु दायित्व हो । तर कर्मचारी र चिकित्सक भएका संस्थामा डियुटीको समयमा नआउनाले बिरामीले सास्ती भोग्नु परिरहेको छ । सरकारले निशुल्क दिइने भनिएका औषधीहरु समेत ती संस्थाहरुमा नहुनुले बिरामीहरु बाध्य भई त्यस्ता औषधी बजारबाट खरीद गर्ने गरेका छन् ।

विगतमा जिल्ला जनस्वास्थ्य कार्यालय मातहतमा संचालन हुने गरेका स्वास्थ्य संस्थाहरु अहिले स्थानिय तहको मातहतमा संचालन हुँदै आएपछि झनै हेलचक्राई हुँदै गएको छ । स्थानिय तहमा गभिएसँगै स्वास्थ्य संस्थाहरु गैरजिम्मेवार भएका छन् । बिहान १० बजे कार्यालय खुल्नु पर्नेमा १२ बजेसम्म पनि खुल्दैनन् । स्वास्थ्य जस्तो संवेदनशिल संस्थामाथी सम्बन्धीत निकायले निगरानी बढाउन सकेको छैन् ।

तसर्थ स्वास्थ्य जस्तो संवेदनशिल क्षेत्रमा स्थानिय तह तथा स्वास्थ्य कार्यालयले निगरानी बढाएर सुधारको बाटोतर्फ उन्मुख गराउनेतर्फ सचेत हुनु अत्यन्त जरुरी छ भने अस्पतालका चिकित्सकहरु पनि यसप्रति गम्भिर बन्नु आवश्यक छ ।

### बाढी/पहिरोबाट सतर्क रहौं ।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

**जनहीतका लागि : राजविराज दैनिक**

# गड्यौला मल बेचेर लाखौँ आम्दानी गर्दै

**सिङ्बहादुर थापा**
सर्लाही, २६ साउन (रासस) ।

सर्लाहीको लालबन्दीका सन्त लोप्चनले रोजगारीका लागि हुने विदेश पलायनले थिलथिलो बनाएको समाजमा सीप र मेहनतले जुनसुकै पेसा गरेर पनि मनग्य आम्दानी गर्न सकिन्छ भन्ने उदाहरण पेस गर्नु भएको छ । लालबन्दी नगरपालिका-२, जुटपानी निवासी ५७ वर्षीय लोप्चनले जैविक र गड्यौला मल बिक्री गरेर मनग्य आम्दानी गरिरहनु भएको हो ।

चौध वर्षदेखि घरमै सञ्चालन गरेको फर्मबाट उत्पादन गरेको जैविक र गड्यौला मल बेचेर आफूले विदेशको भन्दा धेरै आम्दानी गर्न सफल हुनुभएको छ । "मिहेनत गर्ने हिम्मत र हातमा सीप भए एक दुई लाख कमाउन विदेश जानु पर्दैन", लोप्चनले भन्नुभयो । धमाधम मल प्याकिङ गरिरहनु भएको लोप्चनले किसानहरूको मागअनुसार मल दिन नसकेको बताउनुहुन्छ ।

जैविक मल बोट बिरुवाको लागि निकै उपयोगी मानिन्छ । यहाँ उत्पादन भएको मल गाउँ घरमा गमलामा फूल रोप्नदेखि नर्सरीमा बिरुवा उत्पादन गर्न र व्यावसायिक तरकारीखेती गर्ने किसानले बेर्ना निकाल्न प्रयोग गर्ने गर्दछन् । सुरुमा जैविक तथा गड्यौला मल बोटबिरुवाको लागि रासायनिक मलखादभन्दा राम्रो हुन्छ भन्ने विश्वास दिलाउन निकै सास्ती भएको उहाँको कथन छ । अहिले उहाँहरू आफैं मल खोज्दै आउनहुन्छ, खुसी लाग्छ लोप्चनले सुनाउनुभयो । साना बेर्ना तथा बोट बिरुवामा रासायनिक मलखाद प्रयोग गर्न नमिल्ने हुँदा जैविक तथा गड्यौला मलको माग उच्च रहेको उहाँले सुनाउनुभयो ।

गड्यौला मल कृषि बजारमा कालो हीरा (ब्ल्याक डाइमण्ड) को रुपमा बिक्री वितरण हुने गरेको छ । लोप्चनले २०६९ सालतिर कृषि ज्ञान केन्द्रले दिएको जैविक तथा गड्यौला मल उत्पादनसम्बन्धी सात दिनको तालिम लिनुभएको थियो । तालिम लिएर आएपछि उत्पादन सुरु गर्नुभएको उहाँले बजार खोज्दाको सास्ती अझै भुल्नु भएको छैन् । गाउँमा तरकारीखेती गर्ने किसानले भारतबाट बिरुवामा हाल्ने मन ल्याउने चलन थियो । "मैले धेरै अनुरोध गरी सम्झाए बुझाएँ", उहाँले भन्नुभयो, "आफ्नो गाडीले १०/१० बोरा मल निःशुल्क खेतमा लगेर दिएर प्रयोग गर्न अनुरोध गरें । खेती राम्रो भएपछि किसानहरू आफैं मल खोज्दै आउन थाल्नुभयो ।"

तरकारीमा आलु, प्याज, काउली, टमाटरखेतीको लागि सर्लाहीको लालबन्दी निकै चर्चित ठाउँ हो । त्यसपछि बजारले आफूलाई खोज्न थालेको उहाँले सुनाउनुभयो । तालिमबाट आधारभूत ज्ञान र एक हजार वटा गड्यौला पाएपछि सुरु गरेको मल उत्पादन अहिले उहाँको मनग्य आम्दानीको बाटो बनेको छ ।

लालबन्दी-२, जुटपानी घरैमा उहाँले लोप्चन गाई फर्म तथा भार्मिङ कम्पोस्ट दर्ता गरी सञ्चालन गरिरहनुभएको छ । सोही फर्मको नाममा बोरामा २५ किलोको दरले प्याक गरेको जैविक तथा गड्यौला मल काठमाडौं, ललितपुर, भक्तपुर, धनुषा, महोत्तरी, रौतहट र सर्लाहीका एग्रोभेटहरूसम्म पुग्ने गरेको छ । जिल्लाका गमलामा फूल सजाउने बगैंचाको सौखिनदेखि व्यावसायिक तरकारी उत्पादन गर्ने किसान र अहिले अन्य अन्नबाली लगाउने किसान समेत यस मलप्रति आकर्षित भएका छन् ।

पच्चीस किलोको एउटा बोरा मलको रु ३२५ पर्छ । "धेरै उत्पादन हुँदा स्थानीय किसानलाई बेचेर महिनाको दुई ट्रक मल काठमाडौं पठाउने गरेको थिए", उहाँले भन्नुभयो, "भएनभन्दा पनि महिनामा एक ट्रक पठाउने गरेको छु । उता पनि आफ्ना ग्राहक छन् ।" ट्रकमा ४०० बोराका दरले मल जान्छ । लोप्चनले छ सन्तानलाई यसैको कमाइले शिक्षादीक्षा र लालनपालन गर्नुभयो । अहिले दुई छोरा एउटा युरोप र अर्को मलेसियामा छन् । पुगेको छ । उसलाई विदेश पठाउन लागेको ठूलो धनराशि यसैबाट जुटाएको उहाँको भनाइ छ । लोप्चनले तीन सन्तानको पठनपाठन र लालनपालनको दायित्व अझै यसैको आम्दानीबाट पूरा गरिरहनुभएको छ । चार मजदुर र उहाँ र श्रीमती नियमित काममा लाग्ने गर्नुभएको छ ।

काठमाडौंमा गरेको किराना पसलको व्यापार बिग्रिएपछि लोप्चन परिवारलाई दैनिक गुजारामा समेत धौधौ भयो । त्यसपछि उहाँ भएको थोरै जग्गामा खनिखोस्री गर्छु भनेर गाउँ फर्किनुभएको थियो । गाउँमा किसान समूह गठन गर्नुभएको थियो । समूहमा विभिन्न तरकारीका बीउबिजन लिएर कृषि ज्ञान केन्द्रका कर्मचारी आउने जाने गरिरहन्थे । उहाँहरूले दिनुभएको ज्ञानबाट यो पेसामा लग्न प्रेरित गरेको बताउनुहुन्छ । अहिले वार्षिक ४० देखि ४५ लाखसम्मको जैविक तथा गड्यौला मल बिक्री गरेर रु २० देखि २२ लाखसम्म आम्दानी गर्ने गरेको उहाँको भनाइ छ ।

सुरुमा गड्यौला समेत बिक्री गरेर आम्दानी गर्ने गरेको भए पनि अहिले मल उत्पादनमा जोड दिनुभएको छ । गड्यौला बिक्रीले मल उत्पादनमा कमी हुने भएकाले गड्यौला बिक्री गर्न छाडेको उहाँले बताउनुभयो । यहाँ गड्यौला मात्र प्रतिगोटा दुई रुपैयाँमा बिक्री हुन्छ । यसबाट समेत ठूलो रकम आम्दानी गर्न सकिने उहाँको सुझाव छ । गाउँघर र वनमा कुहिएर रहेका पातपतिङ्गर, परालगायतका वनस्पति र गोबर मल जम्मा गरेर जैविक तथा गड्यौला मल तयार गर्ने गरिएको लोप्चनले बताउनुभयो । गड्यौला मलको लागि गोबर मल प्रति ट्रेलर तीन हजार र ढुवानी र मजदुर खर्च १५ सय लगानी पर्ने उहाँको भनाइ छ ।

"जैविक घाँसपात र गोबर जम्मा गरेर गड्यौलालाई दिएपछि गड्यौलाले खाएर मल तयार गरिदिन्छ", उहाँले भन्नुभयो, "यसरी गड्यौलाले खाएर मलको रुपमा निकालेको धुलो छानेर प्याकिङ गरेर बजार पठाउने गरिन्छ ।" लगानीको झण्डै ५० प्रतिशतसम्म फाइदा बस्ने भएकाले यसमा दुःख, फोहर र मोहर यसैमा रहेको उहाँ बताउनुहुन्छ ।

कम्पोष्ट मलको प्रयोगले जमिनको उर्बर शक्ति वृद्धि हुने भएकाले निकै राम्रो हुने कृषि जेटिए सुरज खनालले बताउनुहुन्छ । रासायनिक मलका कारण जमिनमा उत्पादन शक्ति ह्रास हुँदै जाने र मानव स्वास्थ्यमा समेत यसले प्रत्यक्ष असर गर्ने भएकाले जैविक तथा गड्यौला मलको प्रयोगलाई प्रोत्साहन गर्नुपर्नेमा उहाँको जोड छ ।

# चार हजार सहकारी बचतकर्ताको रकम फिर्ता

काठमाडौं, २६ साउन (रासस) ।

समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले हालसम्म करिब चार हजार बचतकर्ताको रकम फिर्ता गरेको जनाएको छ । समितिका अध्यक्ष अध्यक्ष डिल्लीराज आचार्यका अनुसार समिति गठन भइसकेपछि पूर्ण र आंशिक तथा बचत मिलानमार्फत हालसम्म उक्त सङ्ख्याका बचतकर्ताको समस्या समाधान गरिएको हो ।

उहाँले भन्नुभयो,"हामीसँग ७६ हजार बचतकर्तालाई करिब ४६ अर्ब रुपैयाँ फिर्ता गर्नुपर्ने दायित्व छ । त्यसका लागि सम्बन्धित सहकारीको सम्पत्ति यकिन गर्ने तथा उपलब्ध स्रोतको परिचालन गर्ने काम भइरहेको छ ।",

सहकारी क्षेत्रमा समस्या किन उत्पन्न भयो र यसको दीर्घकालीन समाधान कसरी गर्न सकिन्छ भन्ने विषयमा समितिले आन्तरिक विश्लेषणसमेत गरेको उहाँको भनाइ छ । उहाँले बचत फिर्ताको विषयमा सर्वोच्च अदालतको निर्णय तथा सहकारीसम्बन्धी कानुनी व्यवस्था र बचत फिर्तासम्बन्धी कार्यविधिलाईब• आधार बनाइएको बताउनुभयो । साना बचतकर्तालाई प्राथमिकता दिने नीतिअनुसार पहिलो चरणमा रु १० हजार वा सोभन्दा कम बचत भएका व्यक्तिको रकम फिर्ता गर्ने काम अघि बढाइएको उहाँको भनाइ छ ।

कार्यविधिले प्राथमिकता दिएका ज्येष्ठ नागरिक, एकल महिला, पूर्ण अपाङ्गता भएका व्यक्ति तथा नेपाल सरकारको निर्देशिकामा उल्लेख भएका जटिल प्रकृतिका रोगबाट पीडित बचतकर्तालाई प्राथमिकता दिइनेछ । "हालसम्म विभिन्न सहकारीबाट गरी रु ४२ करोड जम्मा भएको अवस्था छ । यसमध्ये कान्तिपुर सहकारीबाट मात्रै करिब रु १२ करोड रहेको छ । करिब रु एक करोडदेखि १२ करोडसम्म जम्मा भएका सहकारीहरूलाई समेटेर दशैंअघि रकम वितरण गर्न सकिने गरी योजना बनाइरहेका छौं", उहाँले भन्नुभयो ।

यसका लागि अहिलेको सबैभन्दा ठूलो चुनौती कानुनी तथा नीतिगत व्यवस्था भएको उहाँको भनाइ छ । हालको कानुनअनुसार अदालतमा मुद्दा विचाराधीन रहेको अवस्थामा समस्याग्रस्त सहकारीले बचतकर्तालाई रकम फिर्ता गर्न नपाउने व्यवस्था छ ।

अध्यक्ष आचार्यले ऋणीको सम्पत्ति लिलाम गरी रकम सङ्कलनको प्रक्रिया अघि बढाइएको समेत उल्लेख गर्नुभयो । ऋणीको सम्पत्तिमा केही सहकारीले त केही बैंक तथा वित्तीय संस्थाले पनि रोक्का गरेको अवस्था रहे पनि पहिलो चरणमा सहकारीको मात्रै रोक्का रहेको सम्पत्ति लिलाम गर्ने प्रक्रिया अघि बढाइएको उहाँले जानकारी दिनुभयो । "एउटा सम्पत्तिको लिलामीसम्बन्धी सूचना प्रकाशित भइसकेको छ भने करिब ३५० लालपुर्जा संकलन गरिएको छ । ती सम्पत्तिलाई क्रमशः लिलामीमा लैजाने तयारी भइरहेको छ", उहाँले भन्नुभयो ।

यी विभिन्न स्रोतबाट रकम सङ्कलन भएपछि कम्तीमा प्रत्येक छ महिनामा रु एक अर्बभन्दा बढी सङ्कलन भएको अवस्थामा सम्बन्धित बचतकर्तालाई दामासाहीका आधारमा वितरण गर्ने समितिको योजना छ । तर यसका लागि हालको कानुनी र कार्यविधिगत व्यवस्थामा सुधार आवश्यक भएको समितिको भनाइ छ ।

समितिका अनुसार कान्तिपुर, गोर्खा र प्यासिफिक सहकारीका केही बचतकर्तालाई पनि विगतमा रोकिएको रकम क्रमशः वितरण भइरहेको छ । कान्तिपुरका बचतकर्तालाई रु २५ हजार, गोर्खा बचतका बचतकर्तालाई रु १७ हजार तथा प्यासिफिकका बचतकर्तालाई रु १२ हजार ६०० का दरले रकम वितरण भइरहेको हो ।

# स्वदेशमा रोजगार अवसर सिर्जना गर्ने सरकारको प्राथमिकतामा

काठमाडौं, २६ साउन (रासस)।
युवा, श्रम तथा रोजगारमन्त्री रामजी यादवले युवालाई देशभित्र नै रोजगारीका अवसर प्राप्त हुने गरी सीप विकास रोजगारीका कार्यक्रम नेतृत्व विकास उदमशिलता प्रवर्द्धन जस्ता कार्यक्रम सञ्चालनमा रहेको बताउनुभएको छ।

प्रतिनिधिसभाको सोमबारको बैठकमा सांसदहरुको प्रश्नको जवाफ दिँदै उहाँले युवाका सवाल रोजगारी सीप सूचना प्रविधि उदमशीलता जलवायु परिवर्तन खेलकुद नवप्रवर्तन र सामाजिक नेतृत्वसँग जोडिएका बहुआयमिक विषय रहेको प्रष्ट पार्नुभयो। मन्त्री यादवले मन्त्रालयले युवा लक्षित कार्यक्रम सञ्चालन गरिरहेको जानकारी गराउनुभयो।

राष्ट्रिय युवा परिषद्को विषयमा सरकार गम्भीर रहेको जनाउँदै उहाँले युवाको हित को संरक्षण र सम्वर्द्धन गर्दै आएको बताउनुभयो। उहाँले सक्षम सृजनशील नैतिक एवं सभ्य नागरिक तयार गर्ने उद्देश्यले राष्ट्रिय युवा परिषद् क्रियाशील रहेको छ पनि उहाँले प्रष्ट पार्नुभयो।

परिषद्लाई थप प्रभावकारी तथा युवाको सम्बन्धित विषयमा नेतृत्व निकायको रुपमा विकास गर्ने गरी राष्ट्रिय युवा परिषद् ऐन २०७२ को समसामायिक पूर्णावलकन गरी नयाँ ऐन ल्याउन राष्ट्रिय युवा ऐन मस्यौदा तयार भएको उहाँले जानकारी दिनुभयो।

युवाका क्षेत्रमा विकास भएका नयाँ आयाम, नयाँ अन्तरराष्ट्रिय परिवेश तथा अनुभवलाई राष्ट्रिय निर्माणमा परिचालन गर्ने गरी युवा नीति २०८२ आएको मन्त्री यादवले सुनाउनुभयो।

यस नीतिले युवा रोजगारी, सूचना प्रविधि, नेतृत्व विकास, जलवायु परिवर्तन र युवा सवाल एआई र रोजगारीका अवसरमा चुनौती तथा युवा विषयमा अन्तरराष्ट्रिय अभ्यास र अनुभव प्रदान जस्ता विषय समेटेर नीतिगत मार्गदर्शन गरेको उहाँले बताउनुभयो।

नीतिले आगामी दशकमा युवालाई विश्वसँग प्रतिस्पर्धा गर्न सक्ने सीपयुक्त आत्मनिर्भर र जिम्मेवार नागरिक बनाउने मार्गचित्र गरेको मन्त्री यादवको विश्वास छ। युवालाई नेतृत्व सीप र रोजगारीसँग जोड्ने गरी आगामी आर्थिक वर्षको बजेट विनियोजन भएको र युवाको रोजगार योग्यता बढाउने सीप विकास गर्ने, उदमशिलता प्रवर्द्धन गर्ने श्रम बजारसँग जोड्ने र स्थानीय तहसम्म अवसर विस्तार गर्ने कार्यक्रमलाई प्राथमिकतामा राखिएको मन्त्री यादवले जानकारी दिनुभयो।

रोजगार प्रवर्द्धन दशक मन्त्रालयको सर्वोच्च प्राथमिकता रहेको जनाउँदै उहाँले यस अभियानमार्फत स्वदेशमै प्रशस्त अवसरहरु सिर्जना गरी युवा जनशक्तिलाई राष्ट्रिय निर्माणमा लगाउने लक्ष्य रहेको जानकारी दिनुभयो।

सहिद परिवार जेनजी आन्दोलनका घाइते अपाङ्गता भएका व्यक्ति सुकुमवासी तथा श्रीमानकृत समुदायलाई लक्षित गरी कार्यस्थलमा आधारित सीप विकास तालिम राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठानमार्फत सञ्चालन गर्ने व्यवस्था गरिएको पनि उहाँले सदनलाई जानकारी गराउनुभयो।

# ठगीमा परेका पीडितको गुनासो, न्यायका लागि पहल गरिदिन आग्रह

जनकपुरधाम, २६ साउन (रासस)।
ऋणका लागि साहुको नाममा दृष्टिबन्धक राखिएको बहुमूल्य जग्गा आफूहरूलाई जानकारी नै नदिई अर्कै व्यक्तिको नाममा बिक्री गरिएको भन्दै पीडितले आफूहरू ठगीमा परेको गुनासो गरेका छन्।

पीडितहरूले सोमबार जनकपुरधाममा पत्रकार सम्मेलन गरी घटनाबारे सार्वजनिक जानकारी दिँदै निष्पक्ष छानबिन तथा न्यायका लागि सम्बन्धित निकायसँग पहल गरिदिन आग्रह गरेका हुन्।

धनुषाको विदेह नगरपालिका-९ इटहर्वा खरहानीका बहुरु राउत अमातले घरायसी समस्याका कारण २०७५ सालमा जनकपुरधाम उपमहानगरपालिका-१६ कपिलेश्वर निवासी ५३ वर्षीय गोपाल साहसँग ऋण लिएको बताउनुभयो। उहाँका अनुसार रु एक लाख ऋणका लागि दुई पटकमा गरी विदेह नगरपालिकास्थित आफ्नो नामको ४६ कट्ठा छ धुर जग्गा दृष्टिबन्धक राखिएको छ।

अमातले उक्त जग्गा धितोका रूपमा मात्र राखिएको र ऋण तिर्ने सहमति रहेको अवस्थामा आफूलाई कुनै जानकारी नदिई सो जग्गा अर्कै व्यक्ति रामबाबु साहको नाममा बिक्री गरिएको थाहा पाएपछि छाँगाबाट खसेजस्तै भएको दुःखेसो पोख्नुभयो। त्यसबेला गोपालका बुवा ब्रहमदेव साहको नाममा एक बिघा १४ धुरभन्दा बढी र १० कट्ठा तीन धुर जग्गा गोपालका काका किशोरी साहको नाममा दृष्टिबन्धक (धितो) राखिएको थियो।

"घरायसी समस्याका कारण ऋण लिन जग्गा गोपालकै सल्लाहअनुसार उहाँको बुवा र काकाको नाममा दृष्टिबन्धक राखेको थिएँ", अमातले भन्नुभयो, "तर हामीलाई थाहै नदिई गोपाल र उहाँको परिवारका सदस्य मिलेर त्यही जग्गा अर्कै व्यक्तिलाई बिक्री गरेको थाहा पाएपछि ठगीमा परेको महसुस भयो।"

उहाँका अनुसार ऋणको साँवाब्याज तिर्ने र जग्गा फिर्ता गरिदिन पटकपटक आग्रह गर्दा पनि गोपालले कहिले छोरा घरमा नरहेको, कहिले श्रीमतीबाहिर गएको भन्दै विभिन्न बहाना बनाउँदै आएका छन्। गाउँका भद्रभलादमीको रोहवरमा छलफल हुँदासमेत गल्ती स्वीकार गरी जग्गा फिर्ता गर्ने आश्वासन दिए पनि कार्यान्वयन नगरेपछि बाध्य भएर प्रहरीमा उजुरी दर्ता गरिएको उहाँले बताउनुभयो।

"गोपाल साहसँग रु एक करोड ऋण लिन जनकपुरधामको मुरली चौकमा रहेको आफ्नो पाँच कट्ठा जग्गा हामीले ऋणका लागि मात्र धितोमा राखेका थियौँ", पत्रकार सम्मेलनमा जनकपुरधाम उपमहानगरपालिकाका निलम ठाकुरले भन्नुभयो, "बिक्री गर्ने सहमति कहिल्यै दिएका थिएनौं, तर हामीलाई थाहै नदिई अर्कैको नाममा पास भएको थाहा पाएपछि हामी ठूलो अन्यायमा परेका छौं।"

आर्थिक रूपमा कमजोर अवस्थाको फाइदा उठाएर साहु पक्षले जग्गा हडप्ने नियतले कागजी प्रक्रिया अघि बढाएको पीडितहरूले दाबी गर्दै जग्गा कारोबारमा किर्ते, ठगी र विश्वासघात भएको आशंका भएकाले सत्यतथ्य छानबिन गरी दोषीमाथि कारबाही गर्न माग गरेका छन्। घटनाका कारण परिवार विस्थापनको जोखिममा परेको तथा मानसिक र आर्थिक रूपमा गम्भीर असर परेको पीडितहरूको भनाइ छ।

पत्रकार सम्मेलनमा उपस्थित अन्य पीडित तथा स्थानीयले पनि यस्ता घटनाले सर्वसाधारणमा त्रास फैलिएको उल्लेख गर्दै धितोमा राखिएको सम्पत्तिको कानुनी सुरक्षालाई प्रभावकारी बनाउन राज्यले विशेष ध्यान दिनुपर्ने बताएका छन्। पीडितहरूको जाहेरीका आधारमा जिल्ला प्रहरी कार्यालय धनुषाले गोपाल साह, निजकी पत्नी र छोरालाई पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी उपरीक्षक रूपक खड्काका अनुसार पक्राउ परेका तीनै जनामाथि अनुचित लेनदेन (मिटरब्याज) तथा ठगीसम्बन्धी कसुरमा थप अनुसन्धान भइरहेको छ।

# डिजिटल अर्थतन्त्रको दायरा फराकिलो बन्दै

काठमाडौं, २६ साउन (रासस)।
डिजिटल अर्थतन्त्रको दायरा फराकिलो बन्दै गएको छ। वित्तीय प्रविधि (फिनटेक) र डिजिटल भुक्तानीमा मात्र सीमित नरही कन्टेन्ट क्रिएसन, गिग इकोनोमी, एल्गोरिदमलगायत क्षेत्रमा विस्तारभइ फराकिलो हुँदै गएको विज्ञहरूले बताएका छन्।

राष्ट्रिय सभाअन्तर्गत विकास, आर्थिक मामिला तथा सुशासन समितिद्वारा आयोजित 'डिजिटल अर्थतन्त्र' सम्बन्धी छलफलमा विज्ञ रमाकान्त पाण्डेले डिजिटल अर्थतन्त्रको प्रभाव नेपाली बजारमा प्रभावकारी देखिएको बताउनुभयो।

उहाँले कन्टेन्ट क्रिएटर र इन्फ्लुएन्सरको गतिविधिले अर्थतन्त्रमा प्रभाव पार्न थालेको उल्लेख गर्दै डिजिटल प्रविधिको विकाससँगै नयाँ प्रकारका व्यवसाय र रोजगारीका क्षेत्र सिर्जना भइरहेको बताउनुभयो।

"हिजो हामीले फिनटेक र डिजिटल मनीलाई मात्रै डिजिटल अर्थतन्त्रको रूपमा हेरिरहेका थियौं, अहिले त्यो संरचनाबाट बाहिर आएका छौं," उहाँले भन्नुभयो।

विज्ञ दिनेश बिष्टले डिजिटल अर्थतन्त्रमा नेपालको भविष्य राम्रो भए पनि डिजिटल पूर्वाधार, फाइभजी नेटवर्क तथा कानुनी संरचनामा सुधार आएको बताउनुभयो।

उहाँले डिजिटल सार्वजनिक पूर्वाधार (डिजिटल पब्लिक इन्फ्रास्ट्रक्चर) निर्माणका लागि आवश्यक कानुनी व्यवस्था गर्नुपर्नेमा जोड दिनुभयो।

"एउटा विद्यालय वा अस्पतालमा भएको डेटा अर्को निकायले लिन पाउने अधिकार छ कि छैन भन्ने विषयमै स्पष्ट कानुनी व्यवस्था आवश्यक छ," बिष्टले भन्नुभयो।

"बैंकले ऋण दिन लालपुर्जा माग्छ। लालपुर्जा भूमि सुधारसम्बन्धी निकायसँग छ भने नागरिकसँग माग्नुको सट्टा सम्बन्धित निकायबाटै विवरण प्राप्त गर्न सक्ने व्यवस्था हुनुपर्छ," उहाँले भन्नुभयो।

उहाँले कम्पनी दर्ताको उदाहरण दिँदै प्रत्येक वर्ष

बाँकी अन्तिम पृष्ठमा

## विश्व समाचार

### इरानले गरेको क्षतिको मूल्य चुकाउनुपर्छ : ट्रम्प

वासिङ्टन डिसी, २६ साउन (रासस/एएनआई)।
अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले हर्मुजको जलमार्ग शतप्रतिशत अमेरिकी नियन्त्रणमा भएको दाबी गर्दै इरानले गरेको क्षतिको क्षतिपूर्ति इरानले तिर्नुपर्ने बताउनुभएको छ।

ओभल अफिसमा पत्रकारहरूसँगको साक्षात्कारमा बोल्दै ट्रम्पले स्टेट अफ हर्मुजमा अमेरिकी नौसेनाको नाकाबन्दी कायम रहेको र जलमार्ग अमेरिकी नियन्त्रणमा रहेको बताउनुभएको हो।

इरानसँगको असमझदारीका बारेमा बोल्दै ट्रम्पले तेहरानले अमेरिकी कारबाहीका कारण भएको क्षतिपूर्तिको माग गरेको उल्लेख गर्दै वासिङ्टनले पनि इरानसँग क्षतिपूर्तिको माग गर्ने बताउनुभयो।

यसअघि, ट्रम्पले देशमा अमेरिका-इजरायली सैन्य कारबाहीका क्रममा भएको आर्थिक क्षतिपूर्तिका लागि इरानको मागलाई अस्वीकार गर्दै यसको सट्टा तेहरानलाई आफ्नै कार्यका कारण हुने हताहतका लागि जवाफदेही बनाउनुपर्ने बताउनुभएको थियो।

सामाजिक सञ्जालमा क्षतिपूर्तिका लागि इरानको मागलाई 'रोचक विचार' का रूपमा वर्णन गर्दै ट्रम्पले भविष्यको कूटनीतिक वार्तामा अमेरिकाको प्रति-माग प्रस्तुत गर्ने सङ्केत गर्नुभयो।

### अमेरिकी विदेश मन्त्रालयद्वारा एक लाख ७५ हजारभन्दा बढी भिसा रद्द

वासिङ्टन, २६ साउन (रासस/क्युएनए)।
अमेरिकी विदेश मन्त्रालयले आप्रवासन नियन्त्रणलाई कडा पार्ने प्रशासनको व्यापक अभियान अनुरूप राष्ट्रपति डोनाल्ड ट्रम्पको दोस्रो कार्यकाल सुरु भएदेखि विदेशी नागरिकहरूका लागि जारी गरिएका एक लाख ७५ हजारभन्दा बढी भिसा रद्द गरेको जनाएको छ।

विज्ञप्ति जारी गर्दै मन्त्रालयले अमेरिकी भिसा सर्तहरू उल्लङ्घन गर्ने, अपराध गर्ने, अमेरिकी नागरिकहरू विरुद्ध हिंसाको आह्वान गर्ने, अमेरिकीहरूलाई धोका दिने, आप्रवासन प्रणालीको दुरुपयोग गर्ने वा राष्ट्रिय सुरक्षामा खतरा उत्पन्न गर्ने विदेशी नागरिकहरूलाई लक्षित गरी भिसा रद्द गरेको बताएको छ।

कानुन प्रवर्तन अधिकारीहरूसँगको अन्तरक्रियामा मन्त्रालयले आक्रमण, मध्यपान वा लागुऔषधको प्रयोग गरी गाडी चलाउनु, चोरी र लागुऔषधसँग सम्बन्धित विभिन्न अपराधहरू लगायतका मुख्य कारणहरूले अधिकांश भिसा रद्द गरिएको बताएको छ।

अमेरिकी विदेश मन्त्रालयले यसअघि जनवरीमा एक लाखभन्दा बढी भिसा रद्द गरेको घोषणा गरेको थियो। यो गत वर्ष ट्रम्पको ह्वाइट हाउस पुनरागमनपछि ट्रम्प प्रशासनले सुरु गरेको आप्रवासन नियन्त्रण नीतिको कार्यन्वयन भएको जनाइएको छ।

### रूसमा भएको युक्रेनी आक्रमणमा १३ जनाको मृत्यु, ७५ घाइते

वासिङ्टन, २६ साउन (रासस/एएनआई)।
रूसको तातारस्तान क्षेत्रमा भएको युक्रेनी ड्रोन आक्रमणमा एक बालकसहित कम्तीमा १३ जनाको मृत्यु हुनुका साथै दर्जनौं घाइते भएको स्थानीय अधिकारीलाई उद्धृत गर्दै सिएनएनले जनाएको छ। युक्रेनी ड्रोन आक्रमणले निज्नेकामस्क सहरमा दुई वर्षभन्दा लामो समयमा भएको सबैभन्दा घातक आक्रमण भएको बताएको छ।

मस्कोबाट करिब एक हजार किलोमिटर पूर्वमा रहेको निज्नेकामस्कस्थित अत्याधुनिक तेल प्रशोधन केन्द्रलाई युक्रेनको सशस्त्र बलले निशाना बनाएको बताइएको छ।

रूसी अनुसन्धान समितिका अनुसार निज्नेकामस्कमा मृत्यु हुनेहरूमध्ये एक जना बालक रहेको रिपोर्ट गरिएको थियो भने २१ जना घाइतेलाई उपचारका लागि अस्पतालमा भर्ना गरिएको यस क्षेत्रको सञ्चार सेवाले जनाएको छ।

यसैबीच, युक्रेनको सिमानामा रहेको बेलगोरोडको रूसी क्षेत्रमा विगत २४ घण्टामा थप चार जनाको मृत्यु भएको यस क्षेत्रका कार्यवाहक गभर्नर अलेक्जान्डर सुवायेभले पुष्टि गर्नुभएको छ। सामाजिक सञ्जालमार्फत प्रसारण भएका तथा सिएनएनद्वारा सम्प्रेषण गरिएका भिडियो सामाग्रीहरूमा एउटा तेल प्रशोधन केन्द्रको टावरहरू जस्तो देखिने नजिकै सहर बाहिरको क्षेत्रबाट ठूलो आगो लागेको र धुवाँको मुस्लो उठेको देखिएको थियो। के प्रहार गरेर आक्रमण भएको थियो भन्ने बारे भने भिडियोमा स्पष्ट हुन सकेको छैन।

पछिल्लो समयमा किएभ र मस्को दुवैले एक-अर्का विरुद्ध हवाई तथा ड्रोन आक्रमणलाई तीव्र बनाएका छन् भने प्रत्यक्ष युद्धहरू धेरै हदसम्म स्थिर भएको जनाइएको छ।

संयुक्त राष्ट्रसङ्घको तथ्याङ्कलाई उद्धृत गर्दै सिएनएनले सन् २०२२ अप्रिलपछि युक्रेनी नागरिकहरूका लागि जुलाई सबैभन्दा घातक महिना भएको जनाएको छ। यस वर्षको पहिलो छ महिनामा एक हजार ३९६ जनाको मृत्यु हुनुका साथै सात हजार ९७८ जना घाइते भएका छन्। यो आँकडा सन् २०२४ र २०२५ को तुलनामा वृद्धि भएको संयुक्त राष्ट्रसङ्घले जनाएको छ।

युक्रेनको लामो दूरीको ड्रोन प्रणालीमा पछिल्लो समयमा सुधार देखिएको छ भने रूसमा विभिन्न पूर्वाधारमा बारम्बार प्रहार गर्ने नयाँ क्षमता प्रदर्शन गरेको छ। आक्रमणमा तेल प्रशोधन केन्द्र, ट्याङ्करहरू, पावर स्टेशनहरू र अन्य ऊर्जा पूर्वाधारका साथै रूसको सबैभन्दा ठूलो अनलाइन रिटेलर, वाइल्डबेरीका गोदामहरू लक्षित गरिएको सिएनएनले उल्लेख गरेको छ।

# चार बुँदे सहमति पश्चात् आमरण अनशन स्थगित

**दैनिक समाचारदाता**
**काठमाडौं, २६ साउन ।**

सुनसरीको देवानगञ्ज घटनाका पीडितलाई न्याय र हिन्दु हितको संरक्षण लगायतका माग राख्दै आमरण अनशनमा बसेका राष्ट्रिय एकता दलका अध्यक्ष विनय यादवले अनशन स्थगित गरेका छन् ।

सरकारसँग चार बुँदे लिखित सहमति भएपछि अनशन तत्कालका लागि स्थगित गरिएको हो । अध्यक्ष यादवले कुमारी कन्याको हातबाट जूस खाई अनसन स्थगित गरेका थिए ।

अध्यक्ष यादव गत साउन १४ गतेदेखि काठमाडौंको माइतीघर मण्डलामा १३ दिनदेखि निरन्तर आमरण अनशनमा बस्दै आएका थिए । सुनसरीको देवानगञ्ज गाउँपालिका-३ कप्तानगञ्जमा भएको घटनाका विरुद्ध न्याय, दीर्घकालीन नीतिगत स्पष्टता र सुरक्षा व्यवस्थाको माग गर्दै उहाँले ६ बुँदे माग अघि सारेका थिए ।

राष्ट्रिय एकता दलका केन्द्रीय सदस्य मानिष पुर्वेद्वारा जारी विज्ञप्तिमा भनिएको छ, “अध्यक्ष यादवले राखेका मागहरूका सन्दर्भमा सरकारले विभिन्न चार बुँदे लिखित सहमति गरी सम्बोधन गर्ने प्रतिबद्धता व्यक्त गरेको स्थितिमा तत्कालका लागि आमरण अनशन स्थगित गरिएको छ ।”

दलले सुनसरी घटनाका पीडित तथा प्रभावित परिवारका पक्षमा सरकारले व्यक्त गरेको प्रतिबद्धताअनुरूप यथाशीघ्र कार्य हुनेमा विश्वास व्यक्त गरेको छ । साथै, हिन्दु धर्म, संस्कृति र पहिचानको संरक्षणका लागि आवश्यकता अनुसार आगामी दिनमा पनि आन्दोलन जारी राख्ने प्रतिबद्धता दलले जनाएको छ ।

# पूर्वमन्त्री कार्की १५ लाख धरौटीमा थुनामुक्त

**दैनिक समाचारदाता**
**काठमाडौं, २६ साउन ।**

विशेष अदालत काठमाडौंले पूर्वअर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीलाई थुनामुक्त गर्न आदेश गरेको छ ।

न्यायाधीश नारायणप्रसाद पौडेल, डिल्लीरत्न श्रेष्ठ र उमेश कोइरालाको इजलासले सोमबार नेपाली कांग्रेसका नेतासमेत रहेका पूर्वअर्थमन्त्री कार्कीलाई १५ लाख धरौटी लिएर थुनामुक्त गर्न आदेश गरेको हो ।

नेता कार्कीलाई भ्रष्टाचार मुद्दामा थुनछेक बयानका लागि अदालतमा हाजिर गराइएको थियो ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पोखरा अन्तरराष्ट्रिय विमानस्थल निर्माणमा भ्रष्टाचार गरेको दाबी गर्दै नेता कार्कीसहितका प्रतिवादीविरुद्ध ३ अर्ब ६२ करोड ५ लाख २२ हजार १ सय ६० र बिगो दाबीसहित विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको थियो ।

# ‘जेनजी आन्दोलनमा १७९ निकायका स्रेस्ता जले’

काठमाडौं, २६ साउन (रासस) ।

गत वर्ष भदौ २३ र २४ गतेको जेनजी आन्दोलनका १७९ निकायको स्रेस्ता जलेको महालेखापरीक्षकको कार्यालयले जनाएको छ । प्रतिनिधिसभा, सार्वजनिक लेखा समितिको मंगलबारको बैठकमा महालेखापरीक्षक तोयम रायले आन्दोलनमा स्रेस्ता क्षति भएका निकायको लेखापरीक्षण हुन नसकेको जानकारी दिनुभयो ।

सह महालेखानियन्त्रक दीपक लामिछानेले जलेका निकायको गोश्वार भौचर सुरक्षित रहेकाले त्यसबाट स्रेस्ता कायम गर्न सकिने बताउनुभयो । ती निकायले आन्तरिक लेखापरीक्षण गरेर प्रतिवेदन दिएकाले त्यसबाट विषय खुल्ने उहाँले स्पष्ट पार्नुभयो । अर्थ मन्त्रालयका सचिव डा घनश्याम उपाध्यायले मन्त्रालयअन्तर्गतको राजस्वको कुनै क्षति नभएको र कोष तथा नियन्त्रक कार्यालयको प्रणाली गत वर्ष भदौ २३ र २४ गतेको आन्दोलनको क्रममा सुरक्षित रहेको बताउनुभयो ।

बैठकमा आन्दोलनका क्रममा स्रेस्ता नष्ट भई लेखापरीक्षण हुन नसकेका कार्यालयका अनियमिततालाई माफी नदिन सांसदहरूले आग्रह गर्नुभएको छ । सांसद गणेशसिंह ठगुन्नाले लेखापरीक्षण गर्न ती निकायले के पहल गरे त्यसको जानकारी समितिमा आउनुपर्ने बताउनुभयो ।

सांसद प्रेमलाल चौधरीले जेनजी आन्दोलन राजनीतिक दुर्घटना भएकाले कानुनी रूपमै लेखापरीक्षण हुन नसकेको विषयलाई समाधान गर्न सकिने बताउनुभयो । कति निकायले १० दिनसम्मको राजश्व पनि बैङ्मा दाखिला गरेको नपाइएकाले त्यसमा जिम्मेवारलाई भने कानुनी कारबाहीको दायरामा ल्याउनुपर्नेमा उहाँले जोड दिनुभयो ।

पूर्वअर्थमन्त्री एवं सांसद वर्षमान पुनले गत वर्ष भदौ २३ र २४ गतेको घटना कानुनले भनेअनुसार प्राकृतिक प्रकोप र दुर्घटना दुवै नभएकाले यस विषयमा के गर्ने भनी सरकारले नै दृष्टिकोण अघि सार्नुपर्ने बताउनुभयो । सांसद खगेन्द्र सुनारले करिब डेढ खर्ब क्षति भएको विषयलाई हल्का छलफलका आधारमा छोड्नु नहुने बताउनुभयो । सांसद महेन्द्रबहादुर शाहीले स्रेस्ता जलेकामध्ये चालु र पुँजीगत कति, कति बजेट थिए भन्ने खोज्नुपर्ने बताउनुभयो ।

सांसद विपीनकुमार आचार्यले सरकारी कार्यालयमा खरिदको दस्तावेज पनि हुने भएकाले खरिदसँग सम्बन्धित कम्पनी वा निकायसँग पनि त्यो सुरक्षित हुनसक्नेतर्फ पनि ध्यानाकर्षण गराउनुभयो । ती स्रोतबाट कागजात खोजी गर्नउहाँले सुझाव दिनुभयो । समिति सभापति भरतबहादुर खड्काले विधिअनुसार ती निकायको लेखापरीक्षण भएर आएपछि समितिमा छलफल हुने बताउनुभयो ।

### *डिजिटल अर्थतन्त्रको ...*

हजारौं कम्पनी दर्ता हुने र त्यस क्रममा विभिन्न निकायबीच धेरै चरणमा विवरण प्रमाणीकरण तथा आदानप्रदान गर्नुपर्ने अवस्था रहेको बताउनुभयो । डेटा एक्सचेन्ज प्लेटफर्म निर्माण गर्न सके कम्पनी दर्तालगायत सेवामा लाग्ने समय उल्लेख्य रूपमा घटाउन सकिने उहाँको भनाइ थियो ।

“डेटा एक्सचेन्ज प्लेटफर्म ल्याउन सक्यौं भने कम्पनी दर्तामा लाग्ने समय बचत गर्न सकिन्छ,” उहाँले भन्नुभयो ।

उहाँले व्यक्तिगत डेटा संरक्षणसम्बन्धी अन्तरराष्ट्रिय अभ्यासको उदाहरण दिँदै नागरिकको व्यक्तिगत विवरण अनधिकृत रूपमा प्रयोग वा चुहावट भएमा सम्बन्धित निकाय जवाफदेही हुने व्यवस्था आवश्यक रहेको बताउनुभयो ।

डिजिटल अर्थतन्त्रको विकासका लागि प्रविधि र पूर्वाधारसँगै डेटा सुरक्षा, अन्तरसरकारी निकायबीच डेटा आदानप्रदान, डिजिटल सुशासन तथा आवश्यक कानुनी संरचनालाई प्राथमिकतामा राख्नुपर्नेमा छलफलका सहभागीले जोड दिएका थिए ।

### *आत्महत्या न्यूनीकरण ...*

उपरीक्षक हेमराज घिमिरेले सामाजिक, आर्थिक, पारिवारिक र मानसिक हिसाबले सम्पन्न नहुदा आत्महत्याको घट्ना बढ्ने गरेको बताए । आफ्नो अवस्थाप्रति निराशा बढेर पनि आत्महत्या गर्ने निर्णयमा पुग्ने गरेको पाइएको उनको भनाई छ ।


प्रहरीको प्रयाससंगै सरोकारवाला निकाय सबैले पहल गरे धेरै हदसम्म आत्महत्याका घट्ना रोक्न सकिने मनोचिकित्सकहरुको भनाई छ ।

### *श्रोत नखुलेको ...*

सोमबार साँझ ६:३० बजे वीरगन्जको आदर्शनगरबाट मोटरसाइकलमा सवार रहेको अवस्थामा चेकजाँचका क्रममा उनीहरुले वोकेको झोला खानतलासी गरपछी ५२ लाख ५० हजार रुपैयाँ बरामद भएको थियो ।

बरामद नगदसहित चारै जनालाई नियन्त्रणमा लिएर घटनाबारे थप अनुसन्धान भइरहेको पर्सा प्रहरीले बताएको छ ।

# मैथिली साहित्यका अग्रणी स्रष्टा, भाषाविद् डा विमलको निधन



जनकपुरधाम, २६ साउन (रासस) ।

मैथिली साहित्यका अग्रणी स्रष्टा, भाषाविद् तथा शिक्षाविद् डा राजेन्द्रप्रसाद विमलको सोमबार राति निधन भएको छ ।

लामो समयदेखि मधुमेह र उच्च रक्तचापबाट पीडित डा विमलको गए राति १२:४५ बजेतिर जनकपुरधामस्थित प्रादेशिक अस्पतालमा निधन भएको परिवारजनले बताएको छ । उहाँको निधनसँगै मैथिली साहित्य, भाषा आन्दोलन तथा मिथिलाको सांस्कृतिक क्षेत्रमा अपूरणीय क्षति भएको साहित्यकारहरूले बताएका छन् । डा विमलको पार्थिव शरीर हाल जनकपुरधाम-४ देवीचोकस्थित निवासमा अन्तिम श्रद्धाञ्जलीका लागि राखिएको छ । साहित्यकार, शिक्षाविद्, विद्यार्थी तथा शुभेच्छुकहरूको उपस्थिति छ ।

मैथिली विकास कोष जनकपुरधामका संस्थापक अध्यक्ष रहनुभएका डा विमल मैथिली भाषा, साहित्य र संस्कृतिको संरक्षण तथा प्रवर्द्धनमा उहाँले महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएको थियो । सन् १९४७ जुलाई २६ मा धनुषा जिल्लाको देवडिहा गाउँस्थित खिरखिरियामा जन्मिनुभएका डा विमल नेपाली, मैथिली र हिन्दी विषयमा स्नातकोत्तर उपाधि हासिल गर्नुभएको थियो भने भाषा विज्ञान विषयमा पिएचडी गर्नुभएको थियो ।

जनकपुरधामस्थित रामस्वरुप रामसागर बहुमुखी क्याम्पसमा नेपाली विभागमा लामो समय अध्यापन गर्नुभएका उहाँ करिब चार दशकको प्राध्यापन यात्रापछि उहाँ अवकाशप्राप्त हुनुभएको थियो ।

साहित्यका क्षेत्रमा अग्रणी श्रष्टा डा विमलको पहिलो कथा ‘विपतिया’ १५ मार्च १९६३ मा मिथिला मिहिर पत्रिकामा प्रकाशित भएको थियो । त्यसयता उहाँ कथा, कविता, गीत, गजल, नाटक, उपन्यास, समालोचना, बालसाहित्य, अनुवाद तथा भाषा विज्ञानका क्षेत्रमा निरन्तर सक्रिय रहनुभएको थियो । उहाँका चर्चित कृतिमा ‘ई हमरे कथा थिक’, ‘इतिहासक घाओ’, ‘डा विमलका कथाहरू’, ‘सरबरिआ गाउँको कथा’ तथा ‘फिस्टी रानी’लगायतका पुस्तक प्रकाशित छन् । उहाँका रचना गोरखापत्र, मधुपर्क, गरिमा लगायतका प्रतिष्ठित पत्रपत्रिकामा प्रकाशित हुँदै आएका थिए ।

उहाँको कथामा आधारित ‘हंसा चलल परदेश’ नामक मैथिली टेलिफिल्म नेपाल टेलिभिजनबाट प्रसारण समेत भएको थियो । यसले मैथिली साहित्यलाई दृश्य-श्रव्य माध्यममार्फत व्यापक पाठक र दर्शकमाझ पुर्‍याउन योगदान गरेको जनकपुरधामका साहित्यकार पत्रकार नित्यानन्द मण्डलले बताउनुभयो ।

डा विमल विभिन्न सरकारी तथा गैरसरकारी संस्थाबाट पुरस्कृत र सम्मानित हुनुभएको थियो । उहाँ विद्यापति पुरस्कार कोषद्वारा स्थापित ‘नेपाल विद्यापति भाषा, साहित्य पुरस्कार’का पहिलो प्राप्तकर्ता हुनुहुन्थ्यो । यसका अतिरिक्त उहाँ गरिमा सम्मान, जगदम्बा सम्मान, राष्ट्रिय प्रतिभा पुरस्कार, सिद्धीश्री पुरस्कार लगायतका सम्मानबाट विभूषित हुनुभएको थियो ।

साहित्यकार मण्डलका अनुसार उहाँको लेखनमा राष्ट्रप्रेम, मैथिल अस्मिता, मातृभाषाप्रतिको निष्ठा, लोकजीवनको पीडा, प्रेम, वियोग, आक्रोश र विद्रोह सशक्त रूपमा अभिव्यक्त भएको पाइन्छ । नेपालभित्रको मिथिला र मिथिलावासीको सामाजिक यथार्थलाई मौलिक शैलीमा प्रस्तुत गर्नु उहाँको लेखनको विशेषता मानिन्छ । यसैबीच मैथिली साहित्यका अग्रणी स्रष्टा, भाषाविद् तथा शिक्षाविद् डा विमलको निधनप्रति साहित्यकार तथा पत्रकारहरूले दुख व्यक्त गर्दै श्रद्धाञ्जली अर्पण गर्नुभएको छ ।

# विद्युतीय सवारीमा सहुलियत दिन व्यवसायीको माग

काठमाडौं, २६ साउन (रासस) ।

देशभरका यातायात व्यवसायीको छाता संस्था नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घले विद्युतीय सवारीका पार्टपुर्जामा भन्सार छुट दिन र वातावरणमैत्री यातायातलाई प्रोत्साहन गर्न अर्थमन्त्रीसमक्ष माग गरेका छन् ।

महासङ्घका अध्यक्ष पुण्यप्रसाद (सरोज) सिटौला नेतृत्वको टोलीले सोमबार अर्थमन्त्री डा स्वर्णिम वाग्लेलाई यातायात क्षेत्रका विद्यमान समस्या समाधानका लागि ११ बुँदे मागपत्र बुझाएका हुन् ।

महासङ्घको टोलीले सार्वजनिक यातायात क्षेत्रमा रहेको रु १३ खर्ब बराबरको लगानी र यसमा आश्रित ४० लाख परिवारको सुरक्षाका लागि सरकारले तत्काल कदम चाल्नु माग गरेको हो ।

महासङ्घले पूर्व सचिव दीपक सुवेदीको अध्यक्षतामा गठित जाँचबुझ आयोगले बुझाएको प्रतिवेदन तत्काल कार्यान्वयन गर्न, मोटर बिमादर निर्देशिका २०७३ लाई समयसापेक्ष परिमार्जन गर्न र बिमा प्राधिकरणलाई आवश्यक निर्देशन दिन आग्रह गरेको छ ।

यस्तै, इन्धन (डिजेल/पेट्रोल) मा प्रतिलिटर एक रुपैयाँ र विद्युतीय सवारीमा प्रतियुनिट एक रुपैयाँ अतिरिक्त शुल्क उठाएर ‘दुर्घटना राहत कोष’ बनाउन प्रस्ताव गरेको छ । बिमा प्रिमियमको एक प्रतिशत र सरकारको तर्फबाट पनि रकम छुट्याइ कोष सुदृढ गर्न माग गरेको छ ।

महासङ्घले सवारी आयातमा कडाइ, भारतीय मालवाहक र यात्रुवाहक सवारीलाई दिइँदै आएको ७२ घण्टे सुविधा खारेज, कम्पनी ऐन संशोधन, समान कर प्रणाली लागू गर्न जोड दिएको छ ।

यसैगरी, प्रविधिमैत्री यातायातका लागि अनुदानको व्यवस्था, यातायात क्षेत्रको प्रभावकारी नियमन र विकासका लागि शक्तिशाली ‘यातायात प्राधिकरण’ गठन गर्न र काठमाडौं उपत्यकामा टिपर सञ्चालनको समय पुनरावलोकन गर्न अनुरोध गरेका छन् ।

ज्ञापनपत्र बुझ्दै अर्थमन्त्री डा वाग्लेले यातायात क्षेत्रका जायज मागलाई सम्बोधन गर्न सरकार सकारात्मक रहेको बताउनुभयो । उहाँले मन्त्रालयले व्यवसायीको मागका सम्बन्धमा आवश्यक अध्ययन गरी उचित कदम चाल्ने आश्वासन दिनुभएको थियो ।

**प्रकाशक/सहसम्पादक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट :** संजय शंखर
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, **फोन :** ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*